# एशोसिएशन अफ ब्रिटिश एल्युमनाई इन नेपाल (एबान)

## विधान-२०६४

## (प्रथम संशोधन)

*(जिल्ला प्रशासन कार्यालय ,काठमाडौंबाट मिति २०५४।१०।२२ मा स्वीकृति प्राप्त)*

*(चौधौं बार्षिक साधारण सभाबाट संशोधित प्रावधान समेत मिलाइएको रुपमा)*

**प्रस्तावना:**

नेपाली प्राज्ञ तथा विद्यार्थीहरुलाई संयुक्त अधिराज्यमा अध्ययन गर्नको लागी बेलायत सरकारद्धारा गत चार दशक देखि लगातार छात्रवृत्तिहरु उपलब्ध हूदैं आईरहेको र नेपालको सर्वाङ्गिण विकासको लागि विभिन्न महत्वपूर्ण क्षेत्रहरुमा यस प्रकारको सहयोगबाट ठोस योगदान पुग्न गएको साथै संयुक्त अधिराज्यबाट विभिन्न विषयहरुम ाविशेष दक्षता तथा ज्ञान प्राप्त गरेका नेपाली र नेपालको लागी विशेष योगदान दिने बेलायतमा प्रशिक्षित व्यक्तिबाट बनाईने संघले नेपाल र बेलायत दूई देशका बिच शैक्षिक, सामाजिक, व्यवसायिक,सांस्कृतिक तथा अन्य पारस्परिक सम्बन्धलाई अझ दरिलो पार्नुको साथै भविष्यमा समेत यस दिशामा विशेष भुमिका निर्वाह गर्न मद्दत पू-याउने आवश्यक महसूस गरीएकोले, यो संघको प्रारुप, संगठन, काम कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले यो विधान बनाईएको छ ।

१. **संक्षिप्त नाम :** यस विधानको नाम “एशोसिएसन अफ ब्रिटिश एल्यूमनाई ईन नेपाल (एबान) (प्रथमसंशोधन) विधान-२०६८” रहने छ ।

२. **प्रारम्भ :** यो विधान संघको साधारण सभाको बैठकले पारीत गरी स्थानीय अधिकारीबाट स्विकृती प्राप्त भएको मिति देखि लागु हुनेछ ।

३. **परिभाषा :** “**विधान**” भन्नाले “एशोसिएसन अफ ब्रिटिश एल्यूमनाई ईन नेपाल(एबान) (प्रथमसंशोधन) विधान-२०६८” सम्झनु पर्छ ।

**“मूल विधान”** भन्नाले “एशोसिएसन अफ ब्रिटिश एल्यूमनाई ईन नेपाल(एबान) को स्थापना गर्ने विधान विधान-२०५४” सम्झनु पर्छ ।

## परिच्छेद (१)

### १) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) संघ भन्नाले दफा २ मा उल्लेखित उदेश्यहरु प्राप्त गर्न गठित एशोसिएसन अफ ब्रिटिश एल्यूमनाई ईन नेपाल (एबान) सम्झनू पर्दछ ।

(ख) कार्यकारिणी समिति भन्नाले दफा ९ बमोजिम साधारण सभाद्धारा गठित कार्यकारिणी समिति सम्झनु पर्दछ ।

(ग) सभापति भन्नाले संघको सभापति सम्झनु पर्दछ ।

(घ) उप सभापति  भन्नाले संघको उपसभापति सम्झनु पर्दछ ।

(ङ) महासचिव भन्नाले संघको महासचिवलाई सम्झनु पर्दछ ।

(च) सहायक महासचिव भन्नाले संघको सहायक महासचिवलाई सम्झनु पर्दछ ।

(छ) कोषाध्यक्ष भन्नाले संघको कोषाध्यक्षलाईृ सम्झनु पर्दछ ।

(ज) सहायक कोषाध्यक्ष भन्नाले संघको सहायक कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) सदस्य भन्नाले संघको सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ सो शब्दले कार्यकारिणी समितिको सदस्यलाई समेत जनाउने छ ।

(ञ) ऐन भन्नाले संस्था दर्ता ऐन, २०३४ सम्झनु पर्दछ ।

**२. संघको पूरा नाम ठेगाना :**

यस संघको नाम "एशोसिएसन अफ ब्रिटिश एल्यूमनाई ईन नेपाल" (एबान), रहने छ । संघको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आवश्यकता अनुसार यसका शाखा कार्यालयहरु नेपालको अन्य कुनै पनि स्थानमा स्थापना गर्न सकिने छ ।

**३.संघको स्थापना :**

संघ एक मूनाफारहित, गैरराजनैतिक, अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हूने छ । यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन र दानदातव्य गर्न सक्ने छ । संघले आफ्नो नामबाट व्यक्ति सरह नालिस उजूर गर्न सक्ने छ र यस उपर पनि मुद्दा चलाउन सकिने छ । संघको आफ्नो छुट्टै छाप, झण्डा र व्याज अनुसुचि १ बमोजिमको हूने छ ।

**४.संघको उद्देश्यः**

प्रचलित ऐन तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही सम्बन्धित निकायसँग समन्वय राखी कार्यक्रम संचालन गर्ने गरी संस्थाका निम्न उद्देश्यहरु रहने छन् ।

(क) संघका सदस्यहरु तथा बेलायती व्यवसायीहरु विचको व्यवसायिक, शैक्षिक तथा सांस्कृतिक एवं अन्य सम्बन्धलाई अझ मजबुत बनाउने ।

(ख) नेपालको व्यवसायिक क्रियाकलापहरुमा सदस्यहरुले बेलायतबाट हासिल गरेका विशेष ज्ञान तथा सीपको सदुपयोगको लागि आवश्यक कार्य गर्ने ।

(ग) नेपालको विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने क्षेत्रहरुमा बेलायती शैक्षिक ज्ञानको प्रवर्द्धन तथा सदुपयोग गर्ने ।

(घ) क्षेत्रीय तथा अन्तराष्ट्रिय सहयोग र वातावरण संरक्षण जस्ता राष्ट्रिय महत्वका विषयहरुमा छलफलको लागी अवसर सृजना गर्ने ।

(ङ) एल्युमनाईहरुको व्यवसायिक हक हितको संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा संयुक्त अधिराज्यबाट हासिल गरिएको शैक्षिक योग्यता तथा तालिमहरुको पहिचान मान्यता सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरुसँग आवश्यक कार्य गर्ने ।

(च) माथि उल्लेखित उदेश्यहरु प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने ।

**५.संघका क्रियाकलाप :**

संघले निम्नलिखित क्रियाकलापहरुको आयोजना गर्न सक्नेछ :

(क) सदस्यहरुको हितको लागि भेटघाट कार्यक्रमहरुको आयोजना गर्ने ।

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका विषयहरुमा छलफल गर्न व्यवसायिक एवं प्राज्ञिक जमघट तथा छलफलको व्यवस्था मिलाउने । साथै त्यस्तो छलफलबाट आएका निष्कर्ष र सुझाबको कार्यान्वयनको लागि सिफारिस साथ सम्बन्धित निकायमा अनुरोध गर्ने ।

(ग) सदस्यहरु बिच सुमधुर सम्बन्ध कायम राख्न एवं "(एबान)" को कृयाकलाप बारे जानकारी गराउने उदेश्यले नियमित रुपमा न्यूज लेटर प्रकासित गर्ने ।

(घ) संघका सदस्यहरु तथा संघले उपयुक्त सम्झेका अन्य व्यक्ति , संस्था सम्बन्धित विशेषज्ञहरु विच एक आपसमा भेटघाट गर्न जाने तथा आउने कार्यक्रमहरुको( एक्जचेन्ज भिजिट) को व्यवस्था गर्ने ।

(ङ) आवश्यकता अनुसार संघको एनुयल म्यागाजिन, सोभिनियर, क्यालेण्डर, प्रोसिडिङ्ग, पुस्तक, पत्रपत्रिका, ब्रोशियर तथा संघका सदस्यहरुको डाइरेक्टरी एवं प्रोफेशनल डाइरेक्टरी प्रकाशित गर्ने ।

(च) नेपाल र नेपाल संग संवन्धित विषयहरुमा प्राज्ञिक छलफल गर्ने गराउने,

(छ) संघले आफ्नो उद्देश्य अनुरुप विभिन्न कार्यक्रम, क्रियाकलाप तथा कार्ययोजना बनाई सल्लाहकार तथा परामर्श सेवा ( Consultancy ) आवश्यकता अनुसार आफैंले वा अन्य कुनै सरकारी तथा गैरसरकारी संघ , संस्था वा निकायसँग सहकार्य गरी त्यस्तो कार्यक्रम, क्रियाकलाप वा कार्ययोजना एवं परामर्श कार्यान्वयन गर्ने गराउने ।

(ज) ब्रिटिश काउन्सिलको सौजन्यता बाट प्राप्त विभिन्न सहयोगहरु रचनात्मक उद्देश्य पुर्तिको लागि प्रयोग गर्ने ।

**६.संघका थप क्रियाकलापः**

(१) संघले आवश्यकतानुसार सेमिनार, गोष्ठि, कार्यशाला, प्रदर्शनी, चलचित्र प्रदर्शन, सामाजिक भेटघाट, सामाजिक विकास, वातावरणीय संरक्षण तथा जनचेतना मुलक कार्यक्रममा ऐक्यवद्धता जस्ता कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

(२) संघले आफ्नो उद्देश्य अनुरुप दैवीप्रकोप पिडित समुदाय, असहाय वृद्ध बृद्धा, अनाथ बालबालिका, अपाङ्ग तथा अन्य यस्तै सहयोगको अपेक्षामा रहेका व्यक्ति, संस्था, समुदायको सहयोगको लागि आवश्यक आर्थिक, भौतिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

**७.सदस्यताः**

मानार्थ सदस्य र सह-सदस्यहरु बाहेक अन्य सदस्यहरुको लागि सदस्यता प्राप्त गर्न संयुक्त अधिराज्यमा गई त्यहाँबाट कम्तिमा १२ हप्ताको स्नातकोत्तर तह (पोष्टग्र्याजूएट) वा स्नातक तह (अण्डरग्र्याजूएट) को अध्ययन गरेको वा विशेष प्रकारको वा व्यवसायिक तालिम हासिल गरेको, नैतिक पतन देखिने फौज्दारी अभियोगमा दोषी प्रमाणित नभएको नेपाली नागरिक हुनुपर्नेछ । साथै आफुले प्राप्त गरेको अध्ययन वा तालिमको प्रमाणपत्र पनि अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ । सदस्यता शूल्क निम्न प्रकारको हूनेछ ।

| | | |
|---|---|---|
| अ) | आजिवन सदस्यता | रु.१,५००.०० |
| आ) | साधारण सदस्यता | रु.२००.०० (प्रतिवर्ष) |
| इ) | दर्ता शूल्क | रु.१००.०० |

संघलाई विशेष सहयोग पु-याउने जोसुकैलाई पनि कार्यकारिणी समितिले आवश्यकता महसूस गरेमा सह -सदस्यता प्रदान गर्न सक्ने छ । संयुक्त अधिराज्यमा अध्ययन गरेका जो सुकै विदेशी विशेषज्ञहरुलाई संघले आवश्यक ठानेमा सह-सदस्यता प्रदान गर्न सक्नेछ ।

**सह-सदस्य :** यस्ता सदस्यहरुलाई मताधिकार प्राप्त हुने छैन । (यस्ता सदस्यहरुले आजीवन वा साधारण सदस्य बन्न सक्ने छन् तर कुनै पनि पद भने ग्रहण गर्न सक्ने छैनन ) ।

**मानार्थ सदस्यः**

(१) संघलाई रु.१,००,०००। (एक लाख) नगद वा सो बराबरको अन्य आर्थिक सहयोग प्रदान गर्ने जुनसुकै व्यक्तिलाई कार्यकारिणी समितिले सदस्यता दिन सक्नेछ ।

(२) संघलाई असाधारण सहयोग प्रदान गर्ने जो सुकै व्यक्तिलाई कार्यकारिणी समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । सदस्यहरुले सदस्यता बापत बुझाउनु पर्ने बार्षिक शुल्कहरु प्रत्येक वर्ष शुरु अर्थात बैशाख १ गतेदेखि गणना गरी लागु गरिनेछ ।

**८ कुनै पनि सदस्यको सदस्यता देहायका अवस्थामा कायम रहने छैन :**

(क) मानसिक असन्तुलन भएमा वा मृत्यु भएमा ।

(ख) राजीनामा दिएमा।

(ग) लगातार दुई वर्षसम्म आफुले तिर्नु पर्ने वार्षिक शुल्क नतिरेमा । तर यस्ता सदस्यले पुनःसदस्यता प्राप्त गर्न चाहेमा दर्ता शुल्क समेत तिरी सदस्यता प्राप्त गर्न सक्नेछन ।

(घ) नैतिक पतन हुने कुनै फौज्दारी अभियोगमा कसुरदार ठहरिएमा ।

(ङ) कुनै किसिमको अनैतिक कामहरु ठहर भएमा ।

(च) दफा ७ बमोजिम योग्यता नभएको ।

## परिच्छेद (२)

**९.साधारण सभा :**

सम्पुर्ण सदस्यहरु समावेश भएको साधारणसभा संघको सर्वोच्च अधिकार प्राप्त निकाय हुनेछ । यस साधारणसभा द्धारा कार्यकारिणी समितिको गठन गरिने छ । यस प्रकारको कार्यकारिणी समितिमा देहायका सदस्यहरु समावेश रहने छन् ।

| | |
|---|---|
| सभापति | १ जना |
| उपसभापति | १ जना |
| महासचिव | १ जना |
| सहायक महासचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सहायक कोषाध्यक्ष | १ जना |
| सदस्यहरु | ७ जना |

**१०.साधारण सभा देहायका कार्यहरुको लागि जिम्मेवार हुनेछ :**

(क) कार्यकारिणी समिति गठन गर्ने,

(ख) कार्यकारिणी समितिको क्रियाकलापहरुको सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने,

(ग) कार्यकारिणी समितिद्धारा तयार पारिएको वार्षिक प्रतिवेदन साथै लेखा परीक्षण भई सकेका आर्थिक प्रतिवेदन उपर पनि छलफल गर्ने र अन्य वार्षिक कार्यक्रमहरु पारित गरी स्वीकृति प्रदान गर्ने,

(घ) यदि कुनै सदस्यलाई संघको सदस्यताबाट हटाउनु पर्ने भएमा उक्त विषयको निर्णय गर्ने,

(ङ) विधानको संशोधन गर्नु पर्ने भएमा सो विषयमा पनि निर्णय गर्ने ।

**११.वार्षिक साधारणसभा :**

(क) कार्यकारिणी समितिले तोके अनुसारको मिति समय तथा स्थानमा वर्षको एक पटक साधारणसभा गरिनेछ । तर कार्यकारिणी समितिले चाहेमा वा संघका एक तिहाई सदस्यहरुले लिखित अनुरोध गरेमा आकस्मिक साधारणसभा बोलाउन सकिने छ । यस्ता सभाहरुको सभापतित्व र संचालन कार्यकारिणी समितिको सभापतिले नै गर्ने छ ।

(ख) वार्षिक सधारणसभा बोलाउनको लागि सदस्यहरुलाई कम्तीमा २१( एक्काइस) दिन अगाडि सुचना दिई सक्नुपर्नेछ । तर आकस्मिक बैंठकको लागि ७ (सात) दिन अगाडि मात्र सूचना दिए पुग्नेछ ।

(ग) साधारण सभाको गणपुरक संख्याको लागि एक तिहाई सदस्यहरुको उपस्थिति आवश्यक पर्ने छ यदि सदस्यहरुको संख्या ३०० भन्दा बढी भएमा केबल १०० जना सदस्यहरुको उपस्थितिले पनि गण पुरक संख्या जनाउने छ । तर तोकिएको स्थान र समयमा यदि गणपुरक संख्याको उपस्थिति नभएमा अर्को तिस मिनेटको समय सदस्यहरुको उपस्थितिको लागि थप गरिनेछ । तत्पश्चात् पुनःसभा बोलाइनेछ र उक्त समयमा न्यूनतम पचास जना सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको जनिनेछ ।

**१२.कार्यकारिणी समिति :**

(क) साधारणसभाद्धारा हरेक दुई/दुई वर्षमा १३ सदस्यीय एक कार्यकारिणी समितिको निर्वाचनद्धारा गठन गरिने छ ।

(ख) आफ्नो सम्पुर्ण क्रियाकलापहरु सम्बन्धमा कार्यकारिणी समिति साधारणसभा प्रति उत्तरदायी रहने छ ।

(ग) कार्यकारिणी समितिका कुनै पनि सदस्य विना सुचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा निज स्वतःकार्यकारिणी समितिको सदस्यबाट हट्ने छ।

**१३.कार्यकारिणी समितिको कार्यहरु :**

कार्यकारिणी समितिलाई साधारणसभाद्धारा संघको उद्देश्य अनुरुप कार्यहरु संचालनको लागि अधिकारहरु प्रदान गरिनेछ र कार्यकारिणी समितिले देहायका कार्यहरु गर्नेछ :

(क) साधारणसभाबाट पारीत गरिएका निर्णयहरुलाई कार्यान्वयन गर्ने ।

(ख) विशेष कार्यक्रमहरु सम्पन्न गर्नको लागि समिति वा उप समिति गठन गर्ने ।

(ग) संघको आर्थिक कारोबारको लागि कोषको संचालन गर्ने र आवश्यक चल अचल सम्पत्तिहरुको खरिद वा बिक्रि गर्ने । तर घर जग्गाको कारोवार गर्दा साधारणसभाद्धारा स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(घ) यस विधानको अधिनमा रही विभिन्न सदस्यता प्रदान गर्ने र कुनै सदस्यलाई हटाउने विषयको प्रस्ताव साधारणसभा समक्ष पेश गर्ने ।

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय सभा, सम्मेलन ,बैठक तथा सेमिनारहरु नेपालमा आयोजना गर्ने र देश विदेशमा भाग लिन सदस्यहरुको छनौट गर्ने ।

(च) संघको उदेश्य प्राप्तीको लागि राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्थानहरुसँग सम्झौताको लागि वार्ता गर्ने ।

(छ) यदि कुनै कारण बस कार्यकारिणी समितिको कुनैपनि पदाधिकारीको पद रिक्त हुन आएमा त्यस्ता पदहरु कार्यकारिणी समितिका सदस्यहरु वा अन्य पदाधिकारी बाट पुर्ति गर्ने ।

(ज) रजिष्टर्ड लेखापरीक्षकको नियुक्ति गर्ने,पारिश्रमिक तोक्ने ।

(झ) मानार्थ सदस्यता र सहसदस्यता प्रदान गरी उक्त व्यक्तिबाट के कस्तो किसिमको विशेष योगदान प्रदान भएको छ सो बारे अध्ययन गरी आवश्यक निर्णय गर्ने ।

(झ१) संघको क्रियाकलाप तथा अन्य कार्यमा उल्लेखनिय सहयोग पु-याउने कुनै पनि व्यक्ति, संस्था वा निकायलाई त्यस्तो उल्लेखनिय सहयोग पु-याए वापत संघको तर्फबाट उपयुक्त पुरस्कार, उपहार, कदरपत्र, प्रशंसापत्र तथा सम्मान प्रदान गर्न सक्नेछ ।

(ञ) यस विधान अनुरुप आइपर्ने अन्य निर्णयहरु गर्ने ।

**१४. कार्यकारिणी समितिको बैठक:**

(क) कार्यकारिणी समितिको बैठक वर्षमा कम्तिमा ६ पटक बस्ने छ ।

(ख) साधारणतया बैठकको लागि ७ दिन अगाडी सूचना प्रदान गरिने छ तर आकस्मिक बैठक बस्नु पर्ने भएमा २४ घण्टा अगाडी मात्र सूचना प्रदान गरिने छ ।

(ग) बैठकमा कुल सदस्य संख्याको सामान्य बहुमत भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

(घ) बैठकमा उपस्थित पदाधिकारी तथा सदस्यको बहुमतको निर्णयलाई कार्यकारिणी समितिको निर्णय मानिनेछ ।

**१५. कार्यकारिणी समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार :**

कार्यकारिणी समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**सभापति**

- कार्यकारिणी समितिको बैठकको सभापतित्व गर्ने ।
- कार्यकारिणी समितिले गर्नु पर्ने सम्पुर्ण कार्यहरुको लागि नेतृत्व प्रदान गर्ने ।
- मत बराबर भएमा निर्णायक मतको प्रयोग गर्ने ।
- राष्ट्रिय वा अन्तराष्ट्रिय संस्थासँग भएको क्रियाकलापहरुमा जिम्मेवार रहने ।
- कार्यकारिणी समितिले गर्नु पर्ने कार्यहरुको लागि निर्देशन दिने ।

**उप-सभापति**

- सभापतिलाई सहयोग गर्नुको साथै सभापतिको अनुपस्थितिमा कार्यवाहक भई कार्य गर्ने ।

**महासचिव**

- कार्यकारिणी समितिको निर्णयलाई कार्यान्वयन गर्ने,गराउने । निज उल्लेखित कार्यहरु प्रति जिम्मेवार हुने छ ।
- कार्यकारिणी समितिको दैनिक प्रशासनिक कार्यहरु गर्ने ।
- कार्यकारिणी समितिको बैठक तथा साधारणसभा बोलाउने यस्ता बैठकहरुको माइन्यूट लेख्ने ।
- कार्यकारिणी समितिबाट पारित गराई साधारणसभामा संघको वार्षिक प्रतिवेदन पेश गर्ने ।
- कार्यकारिणी समिति र अन्य संस्थाहरु बिचको सम्पर्क कायम राख्ने ।
- संघको सम्पतिको लगत राख्ने र संरक्षण गर्ने कार्य जिम्मेवारीपुर्वक निर्वाह गर्ने ।
- संघको हितको लागि सभापतिले लगाए ,अह्राएको सम्पुर्ण कार्यहरु गर्ने ।

**कोषाध्यक्ष**

- संघको आय व्यय, सम्पुर्ण आर्थिक, भौतिक साधन र श्रोतको लेखा अध्यावधिक राख्ने ।
- संघको लेखा परिक्षण समयमै सम्पन्न गराउने र कार्यकारिणी समितिबाट पारित गराई साधारण सभा समक्ष वार्षिक लेखा प्रतिवेदन प्रस्तुत गर्ने ।
- संघको आर्थिक कारोबार प्रति पुर्ण जिम्मेवार रहने ।

**सहायक महासचिव**

- महासचिवलाई मद्दत गर्नु र निजको अनुपस्थितिमा कार्यवाहक भई कार्य गर्ने ।

**सहायक कोषाध्यक्ष**

- कोषाध्यक्षलाई मद्दत गर्नु र निजको अनुपस्थितिमा कार्यवाहक भई कार्य गर्ने ।

**१६.संघको कोष :**

(१) संघको आफ्नो छुट्टै कोष हुनेछ । संघको कोषमा आम्दानी बाधिँएको रकम संघको नाममा काठमाडौं उपत्यका भित्रको कुनै पनि वाणिज्य बैंक , वित्तिय संस्था, विकाश बैंक, फाइनान्स कम्पनीमा खाता खोली जम्मा गरिनेछ ।

(२) संघको कोषमा देहायका श्रोतबाट प्राप्त रकमलाई आम्दानी बाँधिने छ :

(क) संघका सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क र चन्दा

(ख) संघका विभिन्न प्रकासन तथा क्रियाकलापमा हुने विज्ञापनबाट प्राप्त रकम, उपहार,सहयोग आदिबाट प्राप्त हुने रकम,

(ग) संघको लोगो अंकित क्याप, जर्सी, टाई, व्याज, पिन आदि जस्ता सरसामानको बिक्रिबाट प्राप्त रकम,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, निकाय, व्यक्ति आदिबाट प्राप्त हुने जुनसुकै प्रकारको रकम , तर विदेशी संघ संस्था, निकाय, व्यक्ति आदिबाट आर्थिक सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृती लिइनेछ ।

**१७. संघको खर्च :**

(१) संघको कोषमा आम्दानी बाँधिएको रकम देहायका कार्यक्रम तथा क्रियाकलापमा खर्च गरिनेछ :

(क) संघको प्रशासनिक कार्य तथा कार्यालय संचालन,

(ख) विधानको दफा ५ र ६ मा उल्लेख भएका संघका क्रियाकलाप र थप क्रियाकलाप,

(ग) संघको लागि आवश्यक घर भाडा तथा आवश्यक सामानको खरिद तथा भाडा , र

(घ) कार्यकारिणी समितिले उपयुक्त ठानेको संघको उन्नति एवं प्रगति हुने अन्य आवश्यक कार्यहरु ।

(२) कोषको खाताको संचालन संघको सभापति वा महासचिव मध्ये कुनै एक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गरिनेछ । तर सभापतिको अनुपस्थितिमा मात्र महासचिवले कोषको खाता संचालनमा दस्तखत गर्नेछ ।

## परिच्छेद (३)

**विधान संशोधन :**

**१८.** विधानमा कुनै संशोधन गर्नु पर्ने ठानी कुल मतदाता सदस्यहरु मध्ये पाँच प्रतिशत सदस्यहरुले कार्यकारिणी समिति समक्ष लिखित अनुरोध पेश गरेमा कार्यकारिणी समितिले उक्त प्रस्ताव आगामी

साधारणसभामा पेश गर्नुपर्नेछ । यसरी पेश गरिएको प्रस्ताव संशोधन हुनको लागि साधारणसभाको बैठकमा उपस्थित सदस्यहरु मध्ये दुई तिहाई सदस्यहरुको बहुमत प्राप्त गर्नु पर्नेछ ।

**१८.(क)** कार्यकारिणी समितिले विधानमा कुनै संशोधन गर्न आवश्यक ठानी सर्वसम्मतीबाट सो सम्बन्धि प्रस्ताव पारीत गरी विधान संशोधन मस्यौदा सहितको प्रस्ताव साधारण सभाको बैठकमा प्रस्तुत गर्न सक्नेछ । यसरी पेश गरिएको प्रस्ताव उपर छलफल भै साधारण सभामा उपस्थित दुई तिहाई सदस्यहरुबाट स्वीकृत भएमा सो प्रस्ताव साधारण सभाबाट पारीत भएको मानिनेछ ।

**१९.** विधानमा संशोधन गर्नु परेमा साधारणसभाको बैठक बस्नुभन्दा ३५ दिन अगाडी सो बारे लिखित निवेदन कार्यकारिणी समिति समक्ष पेश भई सकेको हुनु पर्नेछ र कार्यकारिणी समितिले संशोधन गर्नको लागि सिफारिश गरी साधारणसभाको बैठक सुरु हुनुभन्दा दुई हप्ता अगाडी नै सो संशोधन गरिने विषय बारे सम्पुर्ण सदस्यहरुलाई जानकारी गराई सक्नुपर्नेछ ।

**२०.**विधानको संशोधन प्रस्ताव माथि लेखिए बमोजिम पास भएपछि उक्त संशोधन लागु हुन ऐनको दफा ८(२) बमोजिमको स्थानिय अधिकारीको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

**२१.कार्यकारिणी समितिको निर्वाचन :**

कार्यकारिणी समितिले साधारणसभा हुनुभन्दा तीन महिना अगाडि नै “संघका आजीवन सदस्यहरु मध्येबाट एकजना संयोजक सहितको तीन सदस्यीय निर्वाचन समितिको गठन गरी देहाय बमोजिमको निर्वाचन सम्पन्न गराउनु पर्नेछ :-

(क) निर्वाचन समितिले गोप्य मतदानद्धारा हरेक दुई/दुई वर्षमा साधारणसभाद्धारा निर्वाचन गराउनेछ। यस निर्वाचनमा निर्वाचन समितिको निर्णय लाई अन्तिम निर्णय मानिनेछ । निर्वाचन समितिको गठन गर्ने कार्य कार्यकारिणी समितिले गर्नेछ ।

(ख) यसरी हरेक दुई/दुई वर्षमा हुने निर्वाचन कार्यकारिणी समितिका सम्पुर्ण सदस्यहरु छनौटको लागी हुनेछ।

(ग) संस्थापक सदस्यहरुको पहिलो बैठकबाट एउटा तदर्थ समिति गठन गरिनेछ ।

(घ) तदर्थ समिति गठन भएको ६ महिना भित्र हुने साधारणसभामा पहिलो कार्यकारिणी समितिको लागि निर्वाचन हुनेछ।

## परिच्छेद(४)

**विविध**

**२२.अविश्वासको प्रस्ताव :**

(क) कुल मतदाता सदस्यहरुको एक तिहाई सदस्यहरुले दस्तखत गरी कार्यकारिणी समिति वा यसका कुनै सदस्यहरु विरुद्ध अविश्वासको प्रस्ताव कार्यकारीणी समिति समक्ष पेश गर्न सक्नेछन । तर जे सुकै भएतापनि निर्वाचन सम्पन्न भएको ६ महिना भित्र कार्यकारिणी समिति वा यसका कुनै सदस्यहरु विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न पाइने छैन ।

(ख) अविश्वासको प्रस्ताव पेश गरिएको खण्डमा कार्यकारिणी समिति वा कुनै सदस्यलाई आफुमाथि लागेको अविश्वास विरुद्ध सफाई पेश गर्नको लागि एक हप्ताको समय प्रदान गरिनेछ र लिखित सफाईको साथ कार्यकारिणी समितिले उक्त अविश्वासको प्रस्ताव साधारणसभा समक्ष पेश गर्ने छ ।

(ग) यसरी अविश्वासको प्रस्ताव आएमा आकस्मिक साधारणसभाको बैठक बोलाइने छ र सो बैठकमा गणपुरक संख्या पुरा भएपछि उक्त प्रस्तावमा छलफल भई उपस्थित दुई तिहाई सदस्यहरुको मतबाट अविश्वासको प्रस्ताव पारित भएको ठहरिने छ ।

(घ) यदि कुनै सदस्य माथि अविश्वासको प्रस्ताव पारित भएको छ भने निजले आफु रहेको पद स्वतःत्याग्नु पर्नेछ ।

(ङ) यदि अविश्वासको प्रस्ताव सभापति विरुद्ध छ भने बैठकको सभापतित्व कार्यकारीणी समिति अन्तर्गतको उपसभापति वा अन्य कुनै मताधिकार प्राप्त सदस्यले गर्ने छ ।

**२२.(क)लगातार एकै पदमा रहन नहुने :**

(क) कार्यकारिणी समितिका पदाधिकारीहरु एकै पदमा लगातार दुई कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैनन् ।

(ख) सल्लाहकार सभा : संघका पुर्व सभापतिहरु सबै स्वतः संघको सल्लाहकार सभाको सदस्य हुनेछन । यस्तो सल्लाहकार सभामा कार्यकारिणी समितिले निर्णय गरी तोकेको संघका मानार्थ सदस्यहरु समेत सदस्य रहने छन् ।

**२३. कार्यकारिणीको अवधि थप हुने व्यवस्था :**

कार्यकारिणी समितिको पदावधि समाप्त भईसक्दा पनि विशेष परिस्थितिवस समयमा निर्वाचन हुन नसकेमा कार्यकारिणी समितिले बढीमा एक वर्षसम्म आफ्नो कार्य अवधि थप गर्न सक्ने छ ।

**२४.कार्यकारिणी समिति विघटन र भङ्ग हुने अवस्था :**

कुल मतदाताको पचहत्तर प्रतिशत सदस्यहरुबाट कार्यकारिणी समिति भङ्ग गरिएमा संघ भङ्ग हुन सक्नेछ । संघको विघटनपछि यसको चलअचल सम्पत्ति प्रचलित कानुन बमोजिम नेपाल सरकारको हुनेछ ।

**२५.तदर्थ समितिका सदस्यहरु :**

यो संघ स्थापना भएको ६ महिना भित्र पहिलो निर्वाचन नहुञ्जेल सम्मको लागि देहायका व्यक्तिहरुद्धारा एक अन्तरिम कार्यकारिणी समिति गठन गरिने छ :

| | |
|---|---|
| सभापति | डा.नारायण बहादुर थापा (एम.बि.बि.एस,एफ.आर.सि.एस) |
| उप-सभापति | श्री राम शक्ति मास्के |
| महासचिव | श्री उज्जवल प्रधानाङ्ग |
| कोषाध्यक्ष | श्री नरेश शंकर पालिखे |
| सदस्यहरु : | श्री चण्डीका प्रसाद भट्ट |
| | श्री डिल्ली राज जोशी |
| | श्री रबि जङ्ग पाण्डे |
| | श्री अविन भक्त प्रधान |

२६. यो विधान नेपाल सरकारको सम्बन्धित निकायबाट प्रचलित कानुन अनुसार स्वीकृत भएपछि लागु हुनेछ।

२७. कुनै कारणवश संघ संचालन गर्न नसकिएको खण्डमा यस संघको सम्पुर्ण सम्पत्ति एबान जस्तै उदेश्यले गठित अन्य संस्थालाई सम्बन्धित निकायको स्वीकृति पश्चात दिईनेछ ।

२८. संघको विघटन भएको खण्डमा संघको सम्पुर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

२९. यस विधानमा उल्लेख भएका कुराहरु यदि नेपाल सरकारको प्रचलित नियम कानुनसँग बाझिएमा स्वत :खारेज भएको मानिनेछ ।

३०. बाधा अड्चन फुकाउने अधिकार :

यो विधानको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्चन पर्न आएमा विधान प्रतिकुल नहुने गरी कार्यकारिणी समितिले कानुनी सल्लाहकारको परामर्शमा बाधा अड्चन फुकाउन सक्नेछ ।

अनूसुचि-१

एबानको लोगो

अनूसुचि-२

एबानको झण्डा

अनूसुचि-३

एबानको व्याज